बालमैत्री विद्यालय निर्माण साझेदारी सहयोग कार्यक्रम लागि प्रयोग गरिने

# सम्झौता फाराम

## आ.व.२०७८/०७९

| |
|---|
| विद्यालयको नाम :- |
| ठेगाना :- |
| खाता नं. :- |
| खातावालाको नाम (चेकमा उल्लेख भए अनुसार) :- |
| बैंकको नाम :- |
| सम्पर्क नं. :- |
| बिद्यालय कोडः- |
| इमेल ठेगानाः- |

अनुदान प्राप्त उप कार्यक्रमहरु :-

१.

२.

प्रदेश सरकार

लुम्बिनी प्रदेश

शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय

शिक्षा तथा सामाजिक विकास निर्देशनालय

## सामाजिक विकास डिभिजन कार्यालय

नेपालगंज,बाँके

**शिक्षा तथा सामाजिक विकास निर्देशनालय/सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज, बाँके र बालमैत्री विद्यालय निर्माण कार्यक्रम संचालन भइरहेका विद्यालयहरुको लागि अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धमा भएको सम्झौता**

आ.व. २०७८/०७९ मा शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय / सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज, बाँकेद्वारा कार्यान्वयन गरिने बालमैत्री विद्यालय निर्माणका लागि छनौट भएको विद्यालयहरुको लागि चालु कार्यक्रम अन्तर्गत प्राप्त अनुदान रु.५०,०००/- (अक्षरुपी पचास हजार मात्र।) कार्यक्रम कार्यान्वयनको लागि सामाजिक विकास डिभिजन कार्यालय नेपालगंज बाँके (प्रथम पक्ष) र श्री............................................ विद्यालय, .................... जिल्ला ......................... गाउँपालिका/नगरपालिका/उप-महानगरपालिका .................... वडा ...... दोस्रो पक्ष बीच देहायअनुसारको शर्त रहने गरि यो सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं /दियौं । इति सम्वत २०७८/१२/ गते रोज ........ मा शुभम् ............................।

**(क) प्रथम पक्ष सामाजिक विकास डिभिजन कार्यालयले पालन गर्नुपर्ने शर्तहरु :-**

- विद्यालयलाई तोकिएको रकम उपलब्ध गराइ सो सम्बन्धी कार्यको नियमित रुपमा अनुगमन गर्नेछ ।
- डिभिजन कार्यालयले विद्यालयको नाममा श्री ............................................बैङ्क लि. ........................ शाखा कार्यालयमा रहेको हिसाव खाता नं. ................................................ मा अनुदान रकमको पहिलो किस्ता ४० प्रतिशत सम्झौता भएपछि र कार्य सम्पन्न पश्चात ६० प्रतिशत रकम गरी जम्मा रकम उपलब्ध गराईनेछ ।
- विद्यालयलाई उपलब्ध गराइएको अनुदान रकमको १० प्रतिशतमा नघटने गरी विद्यालयको योगदान देखिने गरि सदुपयोगको सुनिश्चितता भएपछि मात्र अनुदानको पुरा रकम निकासा गरिनेछ ।

**(ख) दोस्रो पक्ष विद्यालयले पालन गर्नुपर्ने शर्तहरु :-**

- विद्यालयले विद्यालयको आवश्यकतानुसार प्रस्तावना तयार गरि विद्यालय व्यवस्थापन समितिवाट पारित गराइ यस डिभिजन कार्यालयमा पेश गर्नुपर्नेछ।
- यस शिर्षकवाट प्राप्त रकम विद्यालयको आवश्यक्तानुसार विद्यालय व्यवस्थापन समितको निर्णयानुसार बालबालिकाहरुको चौतर्फी विकासका लागि आवश्यक पर्ने कक्षाकोठा मर्मत, फर्निचर, खेल सामग्री, पाठ्य सामग्री, स्वस्थ्य तथा सरसफाइ, मनोरञ्जन आदि जस्ता अत्यावश्यकीय सामग्रीहरुमा खर्च गर्नुपर्नेछ ।
- यस शिर्षकवाट वस्तु तथा सेवा खरिद गर्दा प्रचलित आर्थिक ऐन नियमावलिको पुर्ण रुपमा पालना गर्नुपर्नेछ ।
- बालमैत्री विद्यालयमा हुनु पर्ने न्युनतम मापदण्ड कार्यान्वयनमा ल्याउनु पर्ने छ ।
- कार्यक्रम सम्पन्न पश्चात विद्यालय ब्यबस्थापन समितिका पदाधिकारीहरु, स्थानीय जनप्रतिनिधिहरु, शिक्षक, अभिभावक र विद्यार्थीहरुलाई कार्यक्म संचालन भएको स्थानमा भेला गराइ कार्यक्रमको आम्दानी र खर्च कार्यक्रमबाट निर्मित संरचना र खरिद भएका भौतिक बस्तुको सार्वजनिकरण गर्नु पर्ने छ ।
- प्रत्येक आ.व.मा भौतिक पूर्वाधार विकासको कार्यक्रम अनुसारको कार्य सोही आ.व.मा नै सम्पन्न गर्ने शिक्षा तथा सामाजिक विकास निर्देशनालयको लक्ष्य रहेको हुँदा जिल्लामा भौतिक सुधारको लागि छनौट भएका विद्यालयहरुले चालु आ.व भित्रै तोकिएको कार्यहरु सम्पन्न गर्नु पर्नेछ ।
- विद्यालयले प्राप्त गरेको अनुदान रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि खर्च गर्नुपर्नेछ । अन्य प्रयोजनमा खर्च भएमा खर्च लेख्ने सम्बन्धित विद्यालयका प्र.अ. र वि.व्या.स. अध्यक्षबाट उक्त रकम असुल उपर गरिनेछ । साथै सामाजिक विकास डिभिजन कार्यालय बाँकेमा विद्यालयबाट अन्तिम भुक्तानीका लागि पेश भएको सक्कल काजगातहरुको आधारमा काम सम्पन्न भई भुक्तानी भए पश्चात आन्तरिक र अन्तिम लेखापरिक्षण क्रममा कायम हुने

कार्यालयको छाप :- प्रधानाध्यापकको दस्तखत :- विद्यालयको छाप :-
कार्यालय प्रमुख दस्तखत :- वि.व्य.स.अध्यक्षको दस्तखत :-

बेरुजु फरफरक गर्ने, गराउने प्रयोजनका लागि डिभिजन कार्यालयलाई आवश्यक पर्न गएमा सम्बन्धित विद्यालयको अनुदान रकमको ५ देखि १० प्रतिशतसम्म धरौटी कट्टी गर्न सकिनेछ ।

- विद्यालयले सामाजिक विकास डिभिजन कार्यालयलाई उपलब्ध गराईएको *स्व:घोषणा पत्रमा* उल्लेख बुदाँहरु पुर्णपालना गर्नु पर्नेछ । कार्यक्रम सञ्चालन क्रममा कुनै बाधा अड्चन आइपरेमा आपसी सहमतिबाट त्यस्ता वाधा अड्चन हटाइनेछ ।
- विद्यालयले २०७९ साल बैशाख १५ गतेभित्र कार्य सम्पन्न गर्नुपर्नेछ । कार्यक्रम सञ्चालन गर्दा कुनै किसिमको विवाद उत्पादन भएमा सरोकारवालाको समन्वयमा कार्यक्रम प्रभावकारी र फलदायी बनाउन आवश्यक्ता अनुसार दुवै पक्षबीच आपसी छलफल गर्न सकिने छ । साथै कुनै कारण जनाइ वा नजनाई कार्यक्रम संचालनमा कठिनाई हुन गएमा यो सम्झौता रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।
- पुरानो निर्माण आदिमा यो कार्यक्रमको रकम जोडेर खर्च गर्न पाइनेछैन। अन्य कुराको हकमा प्रचलित ऐन, कानून बमोजिम हुनेछ ।
- विद्यालयले यस शिर्षकवाट प्राप्त अनुदानको कार्य सम्पन्न गरि सो को प्रतिवेदनको फाईल २०७९ साल बैशाख १५ गतेभित्र अनिवार्य रुपमा यस निर्देशनालय/डिभिजन कार्यालयमा पेश गर्नुपर्नेछ ।

## *सम्झौता गर्ने पदाधिकारीहरु*

*सामाजिक विकास डिभिजन कार्यालय तर्फबाट*

कार्यालय प्रमुख :- राम करन पाल

हस्ताक्षर :-

प्रशासन शाखा प्रमुख :- गुमान सिंह न्यौपाने

हस्ताक्षर :-

इञ्जिनियर :- सैनुल खान

हस्ताक्षर :-

निर्देशनालय/डिभिजन कार्यालयको छाप :-

*विद्यालयको तर्फबाट*

अध्यक्ष :-

हस्ताक्षर :-

प्रधानाध्यापक :-

हस्ताक्षर :-

विद्यालयको नाम :-

विद्यालयको छाप :-

विद्यालय ब्यवस्थापन समितिका पदाधिकारीहरुको नामावली ।

| क्र.सं | नाम र थर | पद | मोवाइल नम्बर | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

**सम्झौता सम्पन्न भएको मिति :- २०७८/१२/ गते ।**

*नोट :-* यस सम्झौता पत्रमा उल्लेखित विवरणहरुको विद्यालय ब्यवस्थापन समितिको बैठकमा समितिका सम्पूर्ण सदस्यहरुलाई जानकारी गराउनु हुन र प्रत्येक पेजमा विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकले दस्तखत गरी विद्यालयको छाप समेत लगाउनुहुन अनुरोध छ ।

कार्यालयको छाप :- प्रधानाध्यापकको दस्तखत :- विद्यालयको छाप :-

कार्यालय प्रमुख दस्तखत :- वि.व्य.स.अध्यक्षको दस्तखत :-